२०७५, असार
सोमबार
४

{ दमोखिं बाजाको प्रथम प्रतियो गितामा नै ८ वर्षीय बालक र बालिकाले महालक्ष्मी, भैरव र कौमारीको प्रतीकका रुपमा रहेका ३ वटा दमोखिं बजाएका थिए।

नेपाल

सवारी ढुवानीमा झन्डै करोडको अनियमितता
निर्देशनालय भन्छ : गाडी प्रयोगमै छ

प्रशान्त वली, काठमाडौं

सवारी ढुवानीका लागि भन्दै सरकारी निकाय पशु स्वास्थ्य निर्देशनालयले लाखौं रुपियाँको चलखेल गरेको रहस्य खुलेको छ। निर्देशनालयले सवारीसाधन ढुवानीका नाममा लाखौं रुपियाँ अनियमितता गरेको भेटिएको छ। निर्देशनालयले सवारीसाधन खरिदका नाममा ६१ लाख ३५ हजार रुपियाँ अनियमितता गरेको देखिएको हो।

निर्देशनालयले भ्याक्सिन ढुवानी ट्रक २४ लाख ४० हजार रुपियाँ र डबल डोर रेफ्रिजेरेटर ३६ लाख ९५ हजार रुपियाँमा खरिद गरेको देखिएको हो। २५ वटा डबल डोर रेफ्रिजेरेटर खरिद गरिएको छ। निर्देशनालय मातहतको केन्द्रीय जैविक उत्पादन प्रयोगशालाले २ वर्ष अगाडिदेखि मौजुदा रहेको भ्याक्सिन ढुवानी गर्ने सवारीसाधन प्रयोगविहीन रहेको अवस्थामा थप सवारीसाधन खरिद गरेको महालेखा परीक्षणको प्रतिवेदनमा उल्लेख छ।

खरिद गरेका २५ रेफ्रिजेरेटरमध्ये ६ वटा वितरण नगरेको बताइएको छ। प्रतिवेदनमा भनिएको छ- 'मौज्दात रहेको सवारीसाधन प्रयोगविहीन रहेको अवस्थामा उक्त साधन उपयोगमा नल्याई थप साधन खरिद गर्नु उचित देखिएन।'

पशु स्वास्थ्य निर्देशनालायले रेफ्रिजेरेटर वितरणका लागि निर्णय गरिसकेको जनाएको छ। निर्देशनालयले भने ढुवानीका नाममा कतै अनियमितता नगरेको जनाएको छ।

निर्देशनालयका कार्यक्रम निर्देशक सम्झना काफ्लेले भन्नुभयो- '२ वर्ष अगाडिदेखि मौजुदा रहेको भ्याक्सिन ढुवानी गर्ने सवारीसाधन प्रयोगमा छ। सो सवारी २०४८ सालमा खरिद गरिएको र अहिले प्रयोगमा आइसकेको छ र रेफ्रिजेरेटर वितरणका लागि निर्देशनालयबाट निर्णय पनि भइसकेको छ।'

तत्कालीन पशुपंक्षी विकास मन्त्रालय र मातहत निकायका लागि ७ अर्ब ५९ करोड ६० लाख ४५ हजार रुपियाँ बजेट विनियोजन गरिएको थियो। केन्द्रीय जैविक उत्पादन प्रयोगशालाले २ वर्ष अगाडिदेखि १ थान ट्रक झन्डै १ लाख रुपियाँ खर्च गरेर बनाइएको र हाल चालू अवस्थामा रहेको पशु स्वास्थ्य निर्देशनालय स्रोत बताउँछ।

सो सवारीसाधन मौजुदा रहेको भ्याक्सिन ढुवानीका लागि प्रयोग हुने गर्थ्यो। नाम नभन्ने शर्तमा निर्देशनालयका १ कर्मचारीले भन्नुभयो- 'महालेखाबाट आएका कर्मचारीले गाडी प्रयोग नगर्दा उपर्युक्त हुन्छ भन्नुभएको थियो। अहिले भने महालेखाको प्रतिवेदनमा अर्कै कुरा लेखिएर आएछ। के गर्नु यस्तै हो।'

पूर्वराजा नर्भिकमा

काठमाडौं, (नेस)

पूर्वराजा राजा ज्ञानेन्द्र शाह राजपरिवारका अरू सदस्यसहित नियमित स्वास्थ्य परीक्षणका लागि नर्भिक अस्पताल पुग्नुभएको छ। बिहान पौने ८ बजे अनौपचारिक पोसाक लगाएर ज्ञानेन्द्र पूर्वरानी कोमल, बुहारी हिमानी र छोरी प्रेरणा नर्भिक अस्पताल पुग्नुभएको थियो। उपचार गरी पूर्वराजा बिहान ११ बजे सपरिवार निर्मल निवास पुग्नुभएको थियो।

असार २३ गते आफ्नो जन्मदिन बनाउन नेपालगन्ज जानुअघि ज्ञानेन्द्रले नियमित स्वाथ्य परीक्षण गराउनुभएको हो। एन्जिओप्लास्टिक गरिएकाले मुटुको नियमित स्वास्थ्य परीक्षण गर्न पूर्वराजासहितको परिवार नर्भिक पुगेको निर्मल निवासले जनाएको छ।

१ सय ५० वृद्धवृद्धा सम्मानित

भक्तपु, (नेस)

भक्तपुको सूर्यविनायक नगपालिकाका १ सय ५० वृद्धवृद्धा सम्मानित भएका छन्। सूर्यविनायक नगपालिका-४ गाम्चास्थित छही बचत तथा ऋण सहकी संस्थाले ६० वर्षमाथिका १ सय ५० वृद्धवृद्धालाई सम्मान गेको हो।

सूर्यविनायक नगपालिकाका प्रमुख वासुदेव थापा, जिल्ला समन्वय समिति भक्तपुकी उपप्रमुख सिता कुँव, सहकी अभियन्ता कैलाशभक्त प्रधानांगले वृद्धवृद्धालाई ब्ल्यांकेटका साथै नगदसहित सम्मान गर्नुभएको थियो। कार्यक्रमलाई सम्बोधन गर्दै सूर्यविनायक नगपालिकाका प्रमुख वासुदेव थापाले वृद्धवृद्धालाई सम्मान गर्ने मुलुक समृद्ध भएको उदाहण पेस गर्दै सूर्यविनायक नगपालिकाले पनि आगामी नग पसिद्बाट निर्णय गाए वृद्धवृद्धालाई विशेष सम्मान कार्यक्रम गर्नेबताउनुभयो।

प्रमुख थापाले नगभित्र १ सय २६ सहकी हेको जानकी दिँदै त्यसमध्ये २ वटाले मात्र वृद्धवृद्धाको सम्मान गे लोकप्रियता हासिल गे को बताउनुभयो। नगभित्र हेका सहकीलाई व्यवस्थित बनाउन विज्ञको सल्लाह सुझाव लिइने प्रमुख थापाको भनाइ थियो। कार्यक्रमलाई सम्बोधन गर्दै सहकीविद् सहकी अभियन्ता कै लाशभक्त प्रधानांगले मुलुकभित्र ३४ हजा ५ सय १२ सहकी हेको उल्लेख गर्दै समाजका अगुवा वृद्धवृद्धालाई सम्मान गेकोमा छही सहकीलाई धन्यवाद दिनुभयो।

कार्यक्रममा जिल्ला समन्वय समिति भक्तपुकी उपप्रमुख सिता कुँव, भक्तपु अस्पतालका अध्यक्ष प्रेमबहादु खड्का, सहकी डिभिजन कार्यालयका कृष्ण खड्कालगायतले छही सहकीले यस क्षेत्रमा नमुना काम गे जिल्लामै उदाहणीय कार्य गे को बताउनुभयो। छही बचत तथा ऋण सहकी संस्थाका अध्यक्ष कृष्णहरि खड्काले सहकीले हालै डेढ कोडको लागतमा भवन निर्माण गेको उल्लेख गर्दै ७ वर्षको अवधिमा सहकीले ४ पटक वृद्धवृद्धालाई सम्मान गेको जानकी दिनुभयो।

सहकीले आफ्ना सदस्यलाई लखपति बनाउने कार्यक्रम ल्याएको उल्लेख गर्दै अध्यक्ष खड्काले सदस्यलाई ५ वर्षभित्र लखपति बनाउने बताउनुभयो। कार्यक्रममा छहीले सदस्यको बीमा, बत्ती टेलिफोनको बिल तिर्नेदेखि मोबाइल चार्ज गर्ने योजनासमेत शुरू गेको जानकी दिइएको थियो।

सुन तस्करी र सनम शाक्य हत्या अनुसन्धान गर्न गठित समितिको म्याद थप

नेपाल समाचारपत्र

काठमाडौं

सरकारले चीन सहयोगसम्बन्धी कार्यक्रम र परियोजना कार्यान्वयनका लागि छुट्टै संयन्त्र स्थापना गर्ने भएको छ।

मन्त्रिपरिषद्को आइतबारको बैठकले चीन सहयोगसम्बन्धी कार्यक्रम र परियोजना कार्यान्वयनका लागि छुट्टै संयन्त्र स्थापना गर्ने समझदारीपत्रको मस्यौदा स्वीकृत गरेको हो। समझदारीपत्रमा चीनको परराष्ट्र मन्त्रालयसँग हस्ताक्षर गर्ने अख्तियारी परराष्ट्र मन्त्रालयलाई दिने निर्णय पनि गरिएको सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बास्कोटाले जानकारी दिनुभयो।

प्रधानमन्त्री केपी ओलीको चीन भ्रमणको २ दिनअघि सरकारले विगतमा चीनसँग गरिएका सहमति कार्यान्वयनमा सहज हुने गरी आवश्यक संयन्त्र स्थापना गर्ने परराष्ट्र मन्त्रालयको प्रस्ताव स्वीकृत गरेको हो। मन्त्रिपरिषद् बैठकले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र राजस्व अनुसन्धान विभागको संगठन संरचना पनि स्वीकृत गरेको छ।

प्रवक्ता बास्कोटाले लेखा परीक्षण विधेयक संघीय संसद्मा पेस गर्न स्वीकृति पनि दिइएको पनि जानकारी दिनुभयो। त्यसैगरी सरकारले सूचना प्रविधि तथा सार्वजनिक सेवा प्रशारणसम्बन्धी विधेयक तर्जुमा गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई सैद्धान्तिक सहमति पनि दिएको छ।

सरकारले नेपाल खानेपानी संस्थानको बोर्ड सदस्य ९ जनामात्रै कायम राख्ने निर्णय पनि गरेको छ। बोर्डमा १९ जना सदस्य रहेकामा १० जना कटौती गरी ९ सदस्य मात्रै कायम राख्ने निर्णय लिइएको पनि प्रवक्ता बास्कोटाले बताउनुभयो। त्यसैगरी बैठकले उच्च सरकारी वकिलको कार्यालय ओखलढुंगा र वीरगन्जको दरबन्दी स्वीकृत पनि गरेको छ।

बैठकले सुन तस्करी र सनम शाक्य हत्या अनुसन्धान गर्न सरकारबाट गठित विशेष अनुसन्धान टोलीको म्याद पुनः थप गरेको छ। यसअघिको बैठकले असार मसान्तसम्म म्याद थप गर्ने निर्णय गरेको थियो। चैत ३० गते मन्त्रिपरिषद्को बैठकले संगठित अपराध निवारण ऐन, २०७० को दफा १२ अनुसार सहसचिव ईश्वरीराज पौडेलको नेतृत्वमा विशेष अनुसन्धान टोली गठन गरेको थियो। शुरूमा सरकारले दिएको ४५ दिनको समय अपर्याप्त भएपछि पुनः म्याद थपिएको हो।

इस्ट चाइना युनिभर्सिटी अफ टेक्नोलोजीका प्रमुख नेपालमा

नेपाल समाचारपत्र

काठमाडौं

त्रिभुवन विश्वविद्यालयले इस्ट चाइना युनिभर्सिटी अफ टेक्नोलोजीका प्रमुख प्रा लिउ युस्याङको उपस्थितिमा नेपाल-चीनका सम्बन्धमा कन्फ्युसियस इन्स्टिच्युटको योगदान शीर्षकको छलफल कार्यक्रम सम्पन्न गरेको छ। त्रिभुवन विश्वविद्यालय र इस्ट चाइना युनिभर्सिटी अफ टेक्नोलोजीका बीच त्रिभुवन विश्वविद्यालयमा कन्फ्युसियस इन्स्टिच्युट निर्माण गर्ने विषयमा सम्झौता भइसकेको छ। छलफलमा इन्स्टिच्युट निर्माणबाट द्विदेशीय सम्बन्धमा पर्ने प्रभावका बारेमा छलफल भएको हो।

कार्यक्रममा बोल्दै त्रिविका उपकुलपति प्राडा तीर्थराज खनियाले उच्च शिक्षामा देखापरेको अन्तर्राष्ट्रियकरणलाई आत्मसाथ गर्दै विश्वविद्यालयको अध्ययन/अध्यापनलाई विश्वव्यापी बनाउन अन्तर्राष्ट्रिय अनुसन्धान केन्द्र स्थापना गर्ने विश्वविद्यालयको रणनीति रहेको बताउनुभयो।

उहाँले कन्फ्युसियस इन्स्टिच्युटले २ देशको कला, संस्कृति विज्ञान एवं सभ्यताका विभिन्न आयामका बारेमा अध्ययन अनुसन्धान हुने र द्विदेशीय पारस्परिक हितका निमित्त ज्ञानको विकास र विस्तारमा सहयोग पुग्ने अपेक्षा गर्नुभएको थियो।

इस्ट चाइना युनिभर्सिटी अफ टेक्नोलोजीका प्रमुख प्रा लिउ युस्याङले महान् दार्शनिक, चिन्तक एवं प्राज्ञ कन्फ्युसियसको जीवन प्रणालीबाट मानवले अनेकौं ज्ञान आर्जन गर्न सक्ने र उनीहरूको जीवन प्रक्रियालाई अनुसरण गर्नसके जीवन सफल रहने बताउनुभयो।

कन्फ्युसियस इन्स्टिच्युटले नेपालमा चिनियाँ भाषा, संस्कृति र सभ्यताको आदानप्रदान हुने, चिनियाँ विज्ञ र नेपालका विज्ञबीच निरन्तर सम्बन्धको विकास हुने अपेक्षा गर्नुभयो।

त्रिभुवन विश्वविद्यालयले उच्च शिक्षामा गरेको नेतृत्वले आफू थप उत्साहित रहेको र देशैभरि फैलिएरको यसप्रकारको उच्च शैक्षिक संस्थासँगको सम्बन्धले आफूहरू झनै आकर्षित भएको उल्लेख गर्नुभयो।

कार्यक्रममा त्रिवि अन्तर्राष्ट्रिय सम्बन्धन केन्द्रका कार्यकारी निर्देशक प्राडा भूपप्रसाद धमलाले मित्रराष्ट चीनबाट त्रिवि भ्रमणमा रहनुभएका इस्ट चाइना युनिभर्सिटी अफ टेक्नोलोजीका प्रमुख र उहाँको नेतृत्वमा उपस्थित चिनियाँ अतिथिलाई स्वागत गर्नुभएको थियो। टेक्नोलोजीका सल्लाहकार डा रमेश आचार्यले त्रिवि र इस्ट चाइना युनिभर्सिटी अफ टेक्नोलोजीको पहलमा निर्माण हुन लागेको कन्फ्युसियस इन्स्टिच्युटको महत्त्व र यसले नेपाल र चीनको द्विदेशीय सम्बन्धमा पार्ने प्रभावका विविध आयामका बारेमा जानकारी गराउनुभएको थियो।

दमोखिं बाजा बजाउने प्रतियोगिता शुरू

नेपाल समाचारपत्र

ललितपुर

परम्परागत नौबाजामध्ये दुर्लभ मानिने दमोखिं बाजा बजाउने प्रतियोगिता शुरू भएको छ। न्यकू जात्रा मतयाः व्यवस्था समिति र पाटन जेसिसले सो प्रतियोगिता आयोजना गरेको हो। प्रतियोगितामा न्यकू जात्रा सञ्चालन गर्ने पाटनका १० वटा क्षेत्रका प्रतिनिधिको सहभागिता रहेको थियो।

प्रतियोगिताको उद्घाटन समारोहमा समितिका संस्थापक अध्यक्ष मोतिलाल शिल्पकारले दमोखिं बजाउने कलाकार उत्पादन गर्ने उद्देश्यले गरिएको सो प्रतियोगिता इतिहासमै पहिलो पटक रहेको बताउनुभयो। दमोखिं बाजाको प्रथम प्रतियोगितामा नै ८ वर्षीय बालक र बालिकाले महालक्ष्मी, भैरव र कौमारीको प्रतीकका रूपमा रहेका ३ वटा दमोखिं बजाएका थिए।

'दमोखिंमा युवालाई आकर्षित गराउन प्रतियोगिताको आयोजना गरेका हौं' - विकास पाटन जेसिसका निवर्तमान अध्यक्ष श्रीजेष लाल शिल्पकारले भन्नुभयो। नेपाल संवत्अनुसार गुँलाको महिला (श्रावण-भदौमा) मनाइने जनैपूर्णिमा, मतयाः लगायत पर्वमा सो बाजा बजाउने गरिन्छ

१० टोलका वाद्यगुरु नकबहिलका हरिलाल श्रेष्ठ, मंगलबजारका रमेशबहादुर श्रेष्ठ, चत्रबहिलका दिलमोहन ताम्रकार, ईखाछें नागबहाःका भीमरत्न शाक्य, बुबहाःका रत्नबहादुर शाक्य, हौगःका प्रेमकृष्ण राजकर्णिकार, ओकुबहाःका शान्तमानन्द शाक्य, इखालखुका पवनकुमार ताम्रकार, कोबहालका कमलदास श्रेष्ठ र सौगः टोलका नरेशमान शाक्यको नेतृत्वमा वैकल्पिकसहित ४ जना दमोखिंवादक, भुसिया र गायक समूहले प्रतिस्पर्धामा भाग लिएको आयोजक समितिका महासचिव रामकृष्ण चित्रकारले बताउनुभयो। प्रतियोगिताका उत्कृष्ट ३ समूहलाई क्रमशः ३० हजार, २० हजार र १० हजार नगद राशि पुरस्कार व्यवस्था गरिएको बताइएको छ।

प्रतियोगिताबाट ५ उत्कृष्ट दमोखिंवादन समूह छनोट हुनेछ। असार ९ गते मंगलबजारको कात्तिक डबलीमा अन्तिम प्रतियोगिता हुने बताइएको छ।

सिनेमा कर्नर



अग्नि यातायात प्रा. लि.
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ (शम्भु)

माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३

आजको राशि

ज्यो. चन्द्रेश शर्मा

मेष : विवाद, दौडधुप तर बिहान ९ बजेपछि कार्यसिद्धि, धन प्राप्ति।
वृष : बिहान लाभ, सफलता तर त्यसपछि अपच, दौडधुप, विवाद।
मिथुन : धनलाभ, पराक्रम वृद्धि, प्रसन्नता, मान-सम्मान बढ्नेछ।
कर्कट : उपहारादि वस्तु प्राप्ति, कार्य सफल, धनलाभ, सुख-सन्तोष।
सिंह : बिहान धनहानि तर त्यसपछि सुख-सन्तोष, कार्य सफल।
कन्या : मिष्ठान्न भोजन, सुख तर ९ बजेपछि अस्वस्थता।
तुला : उपहारादि वस्तु प्राप्ति, कामकाज सफल, मिष्ठान्न भोजन।
वृश्चिक : प्रतिष्ठा, राज्यबाट लाभ, सफलता, कार्यसिद्धि, स्वास्थ्य लाभ।
धनु : बिहान कार्य बाधा तर त्यसपछि राज्य-सुख, ऐश्वर्य वृद्धि।
मकर : बिहान धनलाभ, सम्मान तर त्यसपछि अस्वस्थताको सम्भावना।
कुम्भ : आर्थिक लाभ, शत्रुमाथि विजय, पठनपाठनमा सफलता।
मीन : कार्य सफल, स्वस्थता, आर्थिक लाभ, खेल-परीक्षामा सफलता।